मैवाखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## न्यायिक समिति

साँघु, ताप्लेजुङ

स्था: २०७३

सूचना नं.- ०८०/८१/१६ (१ नं. प्रदेश, नेपाल)

मैवाखोला गाउँपालिका न्यायिक समीतीको सचिवालय साँघु, ताप्लेजुङ १ नं. प्रदेश, नेपाल

## मेलमिलाप कर्ताको सूची अद्यावधिक गर्ने सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मिति २०८०/०७/१५)

मैवाखोला गाउँपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ को दफा ६० अनुसार न्यायिक समितिले उजुरीहरुको कारवाही किनारा गर्दा स्थापना गरेका ६ वटै वडामा रहेका मेलमिलाप केन्द्रमा आवश्यक पर्ने मेलमिलाप कर्ताको सूची हरेक आर्थिक वर्ष अद्यावधिक गर्नु पर्ने व्यवस्था अनुसार आजका मितिले १० दिन भित्रमा पहिला सूचीकृत भएका मेलमिलापकर्ताहरु साथै सोही ऐनको दफा ५९ अनुसार नयाँ मेलमिलापकर्ताको रुपमा सूचीकृत हुन चाहने इच्छुक सर्वसाधारणहरुको लागि तपसिल बमोजिमको कागजात सहित गाउँ कार्यपालिका कार्यालयको न्यायिक समिति समक्ष संलग्न गरिएको ढाँचामा निवेदन दर्ता गराई सूचिकृत हुन सकिने व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

१. नागरिकता प्रमाण पत्रको फोटोकपी।
२. आफुसंग भएका शैक्षिक योग्यता प्रमाण पत्रको फोटोकपी।
३. मेलमिलापकर्ताको ४८ घण्टा तालिम लिई मेलमिलाप कर्ताको कार्य गर्दै आएको भए सो सम्बन्धी कागजात।
४. २५ बर्ष उमेर पुरा भएको।
५. कुनै राजनितिक दल प्रति आस्था राखि राजनितिमा सक्रिय नरहेको।
६. स्थानीय स्तरमा समाजसेवीको रुपमा पहिचान बनाएको।
७. पासपोर्ट साईज फोटो २ प्रति।

०८०/०७/१५

(देवी प्रसाद चापागाई)
उजुरी प्रशासक
न्यायिक समिति

## निवेदनको ढाँचा

श्री न्यायिक समिति,
मैवाखोला गाउँपालिका, ताप्लेजुङ।

**विषयः मेलमिलाप कर्ताको रुपमा सूचीकृत हुन पाउँ।**

प्रस्तुत विषयमा मैवाखोला गाउँपालिका न्यायिक समितिको मिति.....................गतेको सूचना अनुसार तपसिलमा उल्लेखित कागजातहरुको प्रतिलिपी साथै राखी मैवाखोला गाउँपालिकाको न्यायिक समिति अन्तर्गतका वडा नं........को मेलमिलाप केन्द्रमा सूचीकृत भई मेलमिलाप गराउन अनुमती पाउँ भनी निवेदन गर्दछु।

तपसिल

१. नागरिकता प्रमाणपत्रको फोटोकपी
२. शैक्षिक योग्यता प्रमाण पत्रको फोटोकपी।
३. पासपोर्ट साइजको फोटो २ प्रति।
४. अन्य अनुभव सम्बन्धी विवरण भए खुलाउने।

निवेदक

नामथरः
दस्तखतः
मितिः